# गौमुखी गाउँपालिका

# स्थानीय राजपत्र

गौमुखी गाउँपालिकाद्वारा प्रकाशित

खण्डः १ संख्याः २१ मितिः २०७६/०७/२१

## भाग-२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गौमुखी गाउँपालिकाको गाउँकार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७५ सालको कार्यविधि नं. ८**

# बालविवाह विरुद्ध कार्यक्रम सञ्चालन खर्च कार्यविधि २०७५

स्वीकृत मिति : २०७५।११।२९

**प्रस्तावना :** देशमा रहेको बालविवाह जस्ता कुप्रथाहरूको अन्त्य गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने खर्च सम्बन्धी गौमुखी गाउँपालिका बालविवाह विरुद्ध कार्यक्रम सञ्चालन खर्च कार्यविधि, २०७५ गौमुखी गाउँकार्यपालिकाले स्वीकृत गरि पारीत गरेको छ ।

## परिच्छेद १

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो कार्यविधिको नाम "बालविवाह विरुद्ध कार्यक्रम सञ्चालन खर्च कार्यविधि २०७५" रहेको छ ।

(ख) यो कार्यविधि गौमुखी गाउँकार्यपालिकाले स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "प्रदेश र स्थानीय तहको बालअधिकार समिति" भन्नाले बालबालिका सम्वन्धी ऐन २०७५ को दफा ६० बमोजिम गठन हुने समिति सम्झनुपर्दछ ।

(ख) "मन्त्रालय " भन्नाले महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्दछ ।

(ग) "राष्ट्रिय बालअधिकार परिषद्" भन्नाले बालबालिका सम्वन्धी ऐन २०७५ को दफा ५९ बमोजिम गठन हुने परिषद् सम्झनुपर्दछ ।

(घ) "बालकल्याण अधिकारी" भन्नाले बालबालिका सम्वन्धी ऐन २०७५ को दफा ६१ बमोजिम नियुक्त भएको वा तोकिएको व्यक्ति सम्झनुपर्दछ ।

(ङ) "बालविबाह" भन्नाले २० वर्ष उमेर नपुगी भएको विवाह सम्झनुपर्दछ ।

(च) "विभाग " भन्नाले महिला तथा बालबालिका विभाग सम्झनुपर्दछ ।

(छ) "स्थानीय तह" भन्नाले गौमुखी गाउँपालिका सम्झनुपर्दछ ।

## परिच्छेद २

**३. कार्यविधिको उद्देश्यः**

१. आवधिक र वार्षिक योजना तथा कार्यक्रमहरूमा बालविवाह विरुद्धका कार्यक्रमहरूलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

२. बाल विवाह विरुद्धमा बालक, किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्चत गर्ने

३. बालविवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, सांस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि बालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठनलगायत अन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने ।

४. बालविवाह अन्त्यका लागि सञ्चालित कार्यक्रमहरूको प्रभावकारी रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने ।

**४. कार्यक्रम सञ्चालन** :

१. बालअधिकार, लैङ्गिकता, यौनिकता, यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बालविवाहका विषयमा बालक, किशोर तथा पुरुषहरूको सचेतना अभिवृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।

२. बालविवाह विरुद्ध सामाजिक अभियान सञ्चालन गर्न बालक्लब र समुदायका बालबालिकाहरूको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिमको व्यवस्था गर्ने ।

३. बालमैत्री पूर्वाधार तयार गरि सुरक्षित वातावरणसमेतको उचित व्यवस्थापन गर्नका लागि शिक्षक, कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई आवश्यक तालिम प्रदान गर्ने ।

३. बालविवाह विरुद्ध सामुदायिकस्तरमा बाल क्लब, युवा क्लब वा अन्य समूह निर्माण गर्ने वा भएका समूहमा बालिकाहरूको सहभागितालाई प्रोत्साहन गर्ने कार्यक्रमहरू सञ्चालन गर्ने ।

४. सरकारी, गैर सरकारी र निजी संघसंस्थाहरूसँग समन्वय गरी बालविवाह विरुद्ध पारिवारिक सचेतना कार्यक्रम सञ्चालन गर्ने ।

५. बालविवाह, लैङ्गिक विभेद र पितृसत्तात्मक सोच अन्त्य गर्ने कार्यमा बालक, किशोर तथा पुरुषहरूको सहभागीता गराउने सचेतना कार्यक्रमहरू सञ्चालन गर्ने ।

## परिच्छेद ३

**५. खर्च र लेखापरीक्षणः**

बालविवाह तथा बालबालिकामाथि हुने हिंसाको व्यवस्थापनको लागि विभिन्न स्रोतवाट प्राप्त भएको रकम खर्चको प्रचलित कानुनबमोजिम आय व्यय विवरणको लेखा राख्नुपर्नेछ । कार्यक्रम खर्चको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण गर्नुपर्नेछ । सोको प्रतिवेदन एक प्रति मन्त्रालयमा पठाउनु पर्नेछ ।

**६. प्रतिवेदन पेश गर्नुपर्ने :**

बालविवाह तथा बालबालिकामाथि हुने हिंसाका व्यवस्थापन सम्बन्धी गरेका कार्यक्रमहरूको प्रगति प्रतिवेदन मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रूपमा तयार गरी स्थानीय तहले सम्वन्धित

प्रदेशको सामाजिक विकास मन्त्रालयमा र प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनुपर्ने ।

## परिच्छेद : ४

**७. विविधः**

बालविवाह तथा बालबालिकामाथि हुने हिंसासम्वन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गर्दा बालविबाह अन्त्यका लागि राष्ट्रिय रणनीतिलाई समेत आधार मान्नुपर्नेछ ।

आज्ञाले,
राजिब पन्थी
प्रमुख प्रशासकीय अधिकृत